दर्ता नं. १६८/०५२/०५३

स.क.प. आवद्धता नं.: ३४१९/०५२

सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल
संघीय महासंघको सचिवालय

पत्र संख्याः
चलानी नम्बरः

# सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल
## संघीय कार्यसमितिको सातौ बैठक

**४-५ असौज, २०८२**
**अमलटारी, नवलपुर**

## घोषणा-पत्र

सामुदायिक वन उपभोक्ता महासंघ नेपालको संघीय कार्यसमितिको यस सातौं बैठकले गत भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाउनु भएका व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतकका शोकाकूल परिवारजनहरुमा हार्दिक समवेदना व्यक्त गर्दछौं र उक्त आन्दोलनका क्रममा घाईते भएकाहरुको सिघ्र स्वस्थ्य लाभको कामना गर्दछौं। यसका साथै जेन-जी आन्दोलनका क्रममा मृत्य भएका व्यक्तिका परिवारलाई न्यायोचित् राहत प्रदान गर्न र घाईतेहरुलाई निःशुल्क रुपमा उपचारको व्यवस्था मिलाउन नेपाल सरकार र सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछौ।

जेन-जी आन्दोलनका क्रममा देशको संसद भवन, सिंहदरवार, सर्वोच्च अदालत लगायतका सरकारी संरचना, सांस्कृति सम्पदा, राजनीतिक दलका कार्यालयहरु, औद्योगिक तथा व्यवसायिक भवन एवं निजी भवन र भवनमा रहेका सम्पत्तिहरुमा व्यापक क्षति पुगी नागरिक सेवाहरु समेत अवरुद्ध हुन पुगेको अवस्थामा तत्कालिन आवश्यकता अनुसार गठन भएको नयाँ अन्तरिम सरकारलाई निर्धारित समयमा निश्पक्ष र शान्तीपूर्ण रुपमा निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्न, जेन-जी आन्दोलन र समग्र नेपाली जनताको भावना अनुसार भ्रष्टाचारको अन्त्य गरी संविधानको रक्षा र सुशासन स्थापना गर्दै युवा वर्गको चाहना अनुसार राज्य सञ्चालन गर्ने अवस्था सृजना गर्नमा सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

जेन-जी आन्दोलन पश्चातको विशम् परिस्थितिमा आयोजना गरिएको महासंघको संघीय कार्यसमितिको यस बैठमा “सामुदायिक वन क्षेत्रमा भौतिक पूर्वधार निर्माण र नाफामुलक क्षेत्रको तिव्र प्रभाव, वन क्षेत्रका कानून निर्माणको प्रक्रियामा स्वार्थ समूहको हस्तक्षेप, सामुदायिक वनमा निरन्तर तेहेरो कर, सामुदायिक वनमा आधारित पर्यापर्यटन र उद्यमशीलताको अवशर र चुनौती, स्वदेशी काठमा आत्मनिर्भरताका लागि चाल्नु पर्ने कदम, मानव-वन्यजन्तु द्‌बन्द्‌ब सम्बोधन, उपभोक्ता समूहमा लैङ्गिक समानता र सामाजिक न्याय सहित यूवा नेतृत्वको सुनिश्चतताका लागि अवलम्बन गर्नुपर्ने उपायहरु” जस्ता विषयहरुमा छलफल गरिएको छ। युवा समुदायमा सामुदायिक वनका माध्यमबाट वनको दिगो व्यवस्थापन गर्दै स्वदेशमा नै रोजगारी र जीविकोपार्जन सृजना गर्न सकिन्छ भन्ने कुराको विश्वास जगाउने प्रतिवद्धता सहित सम्पन भएको यस सातौ वैठकबाट देहायका बुँदाहरु सहित यो घोषणापत्र जारी गरिएको छ:

१. सामुदायिक वन उपभोक्ता समूहमा सुशासनलाई थप सृदृढ गर्न र उपभोक्ता समूहको कार्यसमितिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सहितको युवा नेतृत्व सुनिश्चितताका लागि हरसम्भव उपायहरु अवलम्बन गर्न सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहका हार्दिक आव्हान गर्दछौं।

२. जेन-जी आन्दोलनका क्रममा क्षति भएका भौतिक संरचनाको पुनरनिर्माणका लागि आवश्यक पर्ने गुणस्तरीय काठ सामुदायिक वनका माध्यमबाट उत्पादन र आपूर्ति गर्नका लागि विद्यमान कानूनी झमेला हटाउने गरी यस महासंघसँग समेत परामर्श गरी तत्काल वन नियमावली २०७९ संशोधन गर्न नेपाल सरकार समक्ष हार्दिक अपिल गर्दछौं।

३. सामुदायिक वन उपभोक्ता महासंघ नेपालको सबै संरचनाहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सहितको युवा नेतृत्व सुनिश्चितता गर्ने प्रतिवद्धता व्यक्त गर्दै यसका लागि सामुदायिक वनमा कार्यरत सबै युवा समुदायहरु क्रियाशिल हुन र सामुदायिक वन उपभोक्ता समूहबाट युवा केन्द्रित अभियान सञ्चालन गर्नका लागि आव्हान गर्दछौ।

४. नेपाल सरकारले २०८२ जेठ ९ गते सार्वजनिक गरेको आर्थिक सुधार कार्यान्वयन योजना २०८२ को बुदा नं १९२ मा सामुदायिक वनको रकम तीनै तहका सरकार बीच बाँडफाँड गर्ने भनी राखिएको योजना तथा क्रियाकलापले सामुदायिक वनको अस्तित्व समाप्त पार्ने भएको हुदा उक्त योजनाको बुदा नं १९२ तत्काल खारेज गर्न माग गर्दछौं।

संघीय महासंघको सचिवालय, चाँगुनारायण नगरपालिका - २, दुवाकोट, भक्तपुर, नेपाल
पो.ब.नं. ८२१९, फोन नं.: ९७७-१-६६१६४०८, ६६१६४२१, फ्याक्सः ९७७-१-६६१६४२७
इमेलः info@fecofun.org.np, website: www.fecofun.org.np

५. नेपालको संविधान र संघीय कानून विपरित हुनेगरी प्रदेश सरकारहरुले सामुदायिक वन उपभोक्ता समूहमा लगाउँदै आएको कर तत्काल हटाउन माग गर्दछौ ।

६. नेपालको सामुदायिक वन स-साना समूहले आफ्नो समुदायको परम्परागत ज्ञान, सीप र प्रथाजनित अभ्यासका आधारमा व्यवस्थापन गर्दै आएको अवस्थामा केही व्यक्तिहरुले काठ व्यापार तथा आर्थिक स्वार्थ र प्राविधिक पक्षलाई मात्र हेरी सामुदायिक वनहरु मर्ज गर्न दवाव दिएको देखिएको र उक्त कार्य सामुदायिक वनको भावना विपरित भएकोले सामुदायिक वन मर्ज गर्न दवाव दिनेगरी भए गरिएका कायहरुं तत्काल रोक्नका लागि नेपाल सरकार र वन कार्यालयहरु समक्ष जोडदार माग गर्दछौ ।

७. सामुदायिक वनमा पर्यापर्यटन विकास गर्ने कार्यमा स्थानीय तहबाट सृजना हुँदै आएका हस्तक्षेपकारी कार्यप्रति यस महासंघको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ । त्यसैले सामुदायिक वनका कार्ययोजना तर्जुमाका क्रममा स्थानीय तहसँग गरिने परामर्श, सामुदायिक वनको वन पैदावार संकलन सम्बन्धी योजना कार्यान्वयन र सामुदायिक वनमा आधारित पर्यापर्यटनका कार्यहरुमा स्थानीय तहबाट अवरोध सृजना नगरी सहयोग र सहकार्यका लागि हार्दिक अनुरोध गर्दछौं ।

८. वन नियमावली २०७९ मा गरिएका विभिन्न व्यवस्थाहरु र प्रदेशका वन ऐन, नियमावली र आर्थिक ऐनमा गरिएका व्यवस्थाहरु संघीय वन ऐन २०७६ सँग बाझिएका र उक्त बाझिएका व्यवस्थाहरु सामुदायिक वन अभियानलाई अवरोध गर्ने किसिमका भएकोले यस महासंघबाट संघीय वन नियमावली २०७९ लगायत प्रदेश ऐन, नियमहरु तत्काल संशोधन गर्नका लागि पेश गरेका सुझावका आधारमा बाझिएका कानूनहरु सुधार गर्नका लागि नेपाल सरकार र प्रदेश सरकार समक्ष जोडदार माग गर्दछौं ।

९. सामुदायिक वन क्षेत्रमा गम्भीर प्रभाव पर्नेगरी जलविद्युत आयोजना र सिमित सभ्रान्त वर्गहरुका लागि केवलकार र होटल तथा रिसोर्ट स्थापना गर्ने र खानी उत्खनन् गर्ने जस्ता कार्यहरु हटाई वन लगायतका प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार खोस्ने खालका कार्यहरु तत्काल बन्द गर्न आव्हान गर्दछौं ।

१०. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ तत्काल खारेज गरी समूदाय मैत्री ऐन वनाउन र मध्यवर्ति सामुदायिक वनहरुलाई सामुदायिक वनमा रुपान्तरण गर्न हार्दिक आव्हान गर्दछौं ।

११. जलवायु परिवर्तन सम्बन्धी नीति तथा कानूनहरुमा जलवायु वित्तका रुपमा प्राप्त रकमको कम्तिमा ८० प्रतिशत रकम स्थानीय समुदायमा प्रवाह गरिने व्यवस्था गरिएको भएपनि उक्त व्यवस्थाको वेवास्ता गरी नेपाल सरकार लगायत जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा सहयोग गर्ने दातृ निकायहरुले समेत सामुदायिक वन उपभोक्ता समूह लगायतका स्थानीय समुदाय मार्फत जलवायु वित्त परिचालन नगरी सरोकार नै नभएका सरकारी निकाय र नाफामूलक क्षेत्रलाई हावी गराउने गरी जलवायु वित्तको दुरुपयोग गर्ने कार्य गरिदै आएकोले तत्काल उक्त कार्य रोकी जलवायु वित्तको १०० प्रतिशत रकम सोही प्रयोजनमा उपभोक्ता समूहको निर्णय अनुसार खर्च गर्न पाउने हक सुरक्षीत गर्दै सामुदायिक वन उपभोक्ता समूहलाई उपलब्ध गराउनका लागि सबै तहका सरकार र दातृ निकाय समक्ष हार्दिक आग्रह गर्दछौं ।

१२. जैविक विविधता महासन्धी १९९२ र सो अन्तर्गका पक्षराष्ट्रको सम्मेलनहरुले सामुदायिक वनलाई पनि संरक्षणका प्रभावकारी उपाय ( OECM) को रुपमा मान्यता दिने निर्णय गरेकोले नेपालमा OECM को नाममा र सोको गलत व्याख्या गरी कुनै पनि नाम गरेका थप संरक्षित क्षेत्रहरु घोषणा नगरी सामुदायिक वनका माध्यमबाट नै जैविक विविधता संरक्षण गर्ने कार्यमा प्रतिवद्ध हुन नेपाल सरकार समक्ष आव्हान गर्दै दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने कार्य सामुदायिक वन उपभोक्ता समूह मार्फत गरिने छ भनी संयुक्त राष्ट्रसघ समक्ष नेपालले पेश गरेको प्रतिवद्धता स्मरण गराउँदै उक्त प्रतिवद्धताबाट विचलित नहुन आग्रह गर्दछौं।

१३. वन नियमावली २०७९ मा सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाको सहमति बिना सामुदायिक वनमा कुनै पनि किसिमका विकास आयोजनाका लागि भौतिक संरचना बनाउन नपाईने व्यवस्था गरिएको भएपनि उक्त प्रावधानको वेवास्ता गरी सामुदायिक वनमा विकास आयोजनाका नाममा अतिक्रमण गरी भौतिक संरचाना बनाउने कार्य गरीएकोले उक्त कार्य रोक्न र सामुदायिक वन विनास हुनेगरी र उपभोक्ता समूहको अधिकार हनन हुनेगरी कुनै पनि किसिमका भौतिक संरचना निर्माण नगरियोस् भनी सबै तहका सरकार समक्ष हार्दिक आव्हान गर्दछौं ।

१४. वन्यजन्तुको आक्रमणका कारण मानवीय धनजनको ठुलो क्षति भएको हुँदा वन्यजन्तुको पालन, वेचविखन र व्यवस्थापन गरी राहत र उचित क्षतिपुर्तिको व्यवस्था गर्दै वन्यजन्तुबाट हुने आतंक तत्काल बन्द गर्न सबै तहका सरकार समक्ष हार्दिक आग्रह गर्दछौ ।

१५. सामुदायिक वन उपभोक्ता समूहले वर्षौदेखि संरक्षण र व्यवस्थापन गर्दै आएका सामुदायिक वन क्षेत्रहरु नापजाँच गरी व्यक्तिका नाममा दर्ता गर्ने प्रवृत्ति बढदै गएकोले यसरी सामुदायिक वन क्षेत्रहरु व्यक्तिका नाममा दर्ता गर्ने कार्य तत्काल रोक्नका लागि नेपाल सरकार, भूमिसम्बन्धी आयोग र स्थानीय तह समक्ष विशेष आव्हान गर्दछौं ।

मिति: २०८२।६।६

ठाकुर भण्डारी
अध्यक्ष